आज मिति २०८२ साल भाद्र ०२ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को चौथो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री ओम प्रकाश मेहता - का.वा. वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत -

श्री विन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धमा ।
३. शिक्षक पदस्थापन सम्बन्धमा ।
४. शिक्षक व्यवस्थापन सम्बन्धमा ।
५. सिटी रिक्शा खरिद सम्बन्धमा ।
६. पारिश्रमिक सम्बन्धमा ।
७. मल-खाद सम्बन्धमा ।
८. इन्धन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०४/२८ गते भएको कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं को मिति २०८१/०४/३० गते प्रकाशित विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ (पैंतीस) दिने सूचना सबै वडामा प्रचारप्रसार गरी सम्बन्धित वडाबासीहरुलाई भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंद्धारा तोकिएको ढाँचामा फारम भर्न लगाउने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका, गाउँ शिक्षा समितिको निर्णय अनुसार देवानगञ्ज गाउँपालिका वडा नं. ५ स्थित श्री अमरसिंह माध्यमिक विद्यालयबाट देवानगञ्ज गाउँपालिका वडा नं. २ स्थित श्री माध्यमिक विद्यालयमा काजमा सरुवा भएका मा.वि. राहत दरबन्दीमा कार्यरत शिक्षक श्री कपिलदेव मेहतालाई काज सरुवा भएको विद्यालय श्री माध्यमिक विद्यालयमा दरबन्दी थप सहित पदस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.२ मा सञ्चालनमा रहेको श्री माध्यमिक विद्यालयमा माध्यमिक तहको विषयगत दरबन्दी कम भएको

कारण पठन-पाठनमा परेको असरलाई मध्यनजर गरी माध्यमिक तहको दरबन्दी १ (एक) शिक्षा विकास तथा समन्वय ईकाइ, सुनसरीमा ३ (तीन) महिना भित्र उपलब्ध हुने गरी माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको कार्यालयलाई १ (एक) थान डालावाला सिटी रिक्शा आवश्यक भएको हुँदा आवश्यक्ता अनुसारको १ (एक) थान सिटी रिक्शा खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको कार्यालयमा कार्यरत कानूनी सल्लाहकार श्री बलेन्द्र मेहतालाई देवानगञ्ज गाउँपालिका न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०८० को परिच्छेद-७ को दफा ४९ बमोजिम मासिक रु.३५,०००/- (अक्षरेपी पैतिस हजार मात्र) सेवासुविधा बापतको पारिश्रमिक दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका अन्तर्गतका सहकारीहरुले यस गाउँपालिकाको सिफारिसका आधारमा आपुर्ति गरेका मल-खादहरु तपसिलका रेटमा कृषकहरुलाई सम्बन्धित सहकारीबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | विवरण | एकाई | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | डि.ए.पी. | प्रति बोरा | रु.२,४००/- (अक्षरेपी दुई हजार चार सय मात्र) | रु.५० वृद्धि गरिएको |
| २ | यूरिया | प्रति बोरा | रु.९००/- (अक्षरेपी नौं सय मात्र) | यथावत |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गतका वडा कार्यालयको लागि मासिक एकमुष्ठ ७० (सत्तरी) लिटर इन्धन गाउँपालिकाबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो । साथै देवानगञ्ज गाउँपालिकाको न्यायीक समितिमा कार्यरत २ (दुई) जना न्यायीक समिति सदस्यहरुलाई मासिक एकमुष्ठ १० (दश) लिटर इन्धन गाउँपालिकाबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।